

लेखक अधिवक्ता पदम बहादुर श्रेष्ठ

# प्राकृतिक स्रोतको उत्खनन् र कानूनी व्यवस्था

## प्राकृतिक स्रोतको परिचयः

प्राकृतिक स्रोत प्रकृतिले दिएको वस्तु हो । प्राकृतिक श्रोत ढुङ्गा, बालुवामा मात्र सिमित नरही प्राकृतिक स्रोत भन्नाले जमीन, जमीन मुनी पाइने खनीज पदार्थ, खोला, ताल, वनजंगल, हावा, सौर्यशक्ति आदिलाई जनाउँछ । प्राकृतिक स्रोतको उपयोग गर्दा वातावरणलाई प्रतिकूल प्रभाव नपर्ने हदसम्म मात्र गर्न सकिन्छ । प्राकृतिक स्रोत Public Trust Doctrine वाट निर्देशित हुन्छ ।

प्राकृतिक स्रोत मानव जाति र मानव जीवनको विकास र मानव जातिलाई जिवन्त राख्नको लागि अपरिहार्य वस्तु हो । प्राकृतिक स्रोत नहुने हो भने हामी मानव जाति र अन्य प्रजातिको अशतित्व नै रहने थिएन । तसर्थ यस्तो वस्तुमा कुनै एक व्यक्तिको निजी स्वामित्व हुन सक्तैन केवल राज्यको मात्र स्वामित्व हुन्छ राज्यले समेत सामुहिक काममा मात्र यसको प्रयोग गर्नु पर्छ भन्ने आधारमा Public trust doctrine को विकास भएको हो । Public trust doctrine को विकासक्रम हेर्दा यो Doctrine Roman साम्राज्यबाट पहिलो पटक विकास भएको देखिन्छ । यो सिदान्तको विकास हुनमा केही प्रकृतिले दिएका वस्तुहरुको महत्वपुर्ण देन छ जस्तै नदी, नाला, समुन्द्र, वनजंगल आदी आमनागरिकको प्रयोगको लागि आएको हो र प्रत्येक राज्य सरकारले यसको संरक्षण गरी Trustee को रुपमा रहनु पर्छ भन्ने मान्यताका साथ यस सिद्धान्तको विकास भएको थियो । Roman साम्राज्य भएको समयमा त्यहाँको कानून अनुसार प्राकृतिक स्रोतमा कसैको पनि हक हुँदैन थियो, त्यसैको मान्यता विश्वका देशहरुको कानून हेर्दा समेत प्राकृतिक

स्रोतमा सबै जनताको समान हक हुनुपर्छ  भन्ने मान्यता रही आएको छ जुन परापुर्व काल देखि आज सम्म पनि कायम रहेको छ ।

Roman साम्राज्यले त्यतिबेला विकास गरेको Public trust doctrine अनुसार मानव जाति र मानव सभ्यताको लागि नभई नहुने प्राकृतिक स्रोतमा कुनै पनि व्यक्तिको स्वामित्व हुनै सक्दैन । यसो गर्नुको मुल अर्थ प्राकृतिक स्रोतको अभावमा मानव जीवन र मानव सभ्यताको विकास र उन्नती सम्भव नभएकोले त्यस्तो प्राकृतिक स्रोतहरुलाई ध्यानपूर्वक प्रयोग गरी मानव समाजलाई निःशुल्क उपलब्ध गराउन राज्य स्वयमले जिम्मा लिई संरक्षण मुल दायित्व हो । सरकार केवल  प्राकृतिक स्रोतको trustee भएको कारणले गर्दा प्राकृतिक स्रोतको संरक्षण गर्न राज्यको कानुनीमा नै व्यवस्था गरको छ । यही Public trust doctrine अनुसार नै राज्यले  प्राकृतिक स्रोतको प्रयोग गर्ने अनुमति सार्वजनिक हितको लागि मात्र दिन सक्छ । निजी हितको लागि दिन सक्दैन भन्ने हिसाबले प्राकृतिक श्रोतमा Public trust doctrine को सिद्धान्तको विकास भएको हामी पाउछौं । प्राकृतिक स्रोतहरु सबै मानव जातिले उपभोग र प्रयोग गर्न पाउनको लागि राज्य सरकारले विनाश हुनबाट जोगाउन, प्राकृतिक स्रोतको संरक्षण गर्नु र सम्वर्द्धन गर्नु पर्ने बाध्यात्मक दायित्व रहे छ ।

माथिको अध्ययन वाट के वुझिन्छ भने Public trust doctrine लाई नेपालको अन्तरिम संविधान २०६३ ले पुर्णरुपमा आत्मासात गरेको देखिन्छ । यसरी नै मुलुकमा विध्यमान जालस्रोत लगायत प्राकृतिक स्रोत साधनको राष्ट्रिय हितमा प्रयोग गर्ने[1] उल्लेख छ । प्राकृतिक स्रोतका सम्बन्धमा भएका अन्य कानूनहरु Public trust Doctrine  बाट निर्देशित हुने व्यवस्थाहरु हुन् । ती तत्तत् ऐनहरुको तत्तत् प्राकृतिक स्रोतहरु नेपाल सरकारको स्वामित्वमा रहने छन् भनी ती दफाहरुले राज्यको स्वामित्व स्वीकार गरेको देखिन्छ । उपरोक्त आधारमा नेपालको जलस्रोत अर्थात नदीनाला, वनसम्पदा, जमीनमुनिका खनीज पदार्थको स्वामित्व नेपाल सरकारको हुने र ति खनिज पदार्थको प्रयोग नेपाली जनताको सार्वजनिक हितमा मात्र प्रयोग हुन सक्ने भन्ने उल्लेख भएको हुँदा नेपाल राज्यभर रहेका प्राकृतिक स्रोतहरुमा कुनै व्यक्ति विशेषको स्वामित्व हुन नसक्ने र तिनीहरुको प्रयोग एवं उपयोग पनि व्यक्ति विशेषको हितमा प्रयोग हुने नभई आम नागरिकको सार्वजनिक हितको लागि मात्र प्रयोग हुन सक्ने व्यवस्था कानूनले स्थापित गरेको छ । राज्यले प्राकृतिक स्रोतको संरक्षण गर्नु, त्यसको सामुहिकरुपमा उपयोग हुने गरी प्रयोग गर्नु राज्यको सवैधानिक

[1]. नेपालको अन्तरिम संविधान २०६३ को  धारा ३३(ण)

कर्तव्य पनि हो । तर ति भएका कानूनहरु राज्यले पालना गर्नु पर्ने सवैधानिक निर्देशक सिद्धान्तहरुको पालना राज्य पक्षले नै पुर्ण रुपमा गरेको पाएको छैन यो तितो सत्य हो । यसको प्रमाणको रुपमा देशको विभिन्न भागमा गैर कानूनी तरिका भै रहेको उत्खनन्लाई लिन सकिन्छ ।

संविधानमा प्रत्येक व्यक्तिलाई वातावरण तथा स्वास्थ्य सम्बन्धी मौलिक हक[2] हुने छ जसको सरक्षण राज्य स्वयमले गर्नु पर्छ । त्यस्तो हक हनन् हुन गए कानूनी माध्यवाट कार्यन्वयन गराउने हक अधिकार प्रत्येक नागरिकलाई प्रदान गरिएको छ ।[3] यसरी नै धारा २६ ले Right to Pollution free Environment को हक प्रदान गरेको छ । यसरी नै धारा १२(१) ले सम्मानपूर्वक बाँच्न पाउने हकको स्थापना भएको छ । सबै प्रकारको मानव अधिकार एवं मौलिक हक अनियन्त्रीत तबरबाट उपभोग गर्दै स्वास्थ, स्वाच्छ र सफा वातावरणमा बाँच्ने हक नै सम्मानपूर्वक बाँच्ने हक हो भनि परिभाषा गर्न सकिन्छ । वातावरण स्वाच्छ राख्न आवश्यक व्यवस्था गर्ने दायित्व राज्यको रहेको छ, । वातावरण तथा स्वास्थ्य सम्बन्धीहकलाई हेर्दा के भन्न सकिन्छ भनि राज्य स्वयमले पनि देशमा आर्थिक विकास कार्यक्रम सञ्चालन गर्दा वातावरणलाई प्रतिकूल असर पर्ने गरी गर्न नपाइने र राज्यले वातावरण संरक्षणको विशेष व्यवस्था गरी प्रकृतिक स्रोतको उत्खनन् गर्नु पर्दछ ।[4]

नेपाल राज्यको प्राकृतिक स्रोतको सरक्षक नेपाल सरकार र त्यसवाट हुने फाईदा सम्पुर्ण नेपाली जनता हुन भन्ने कुरा उल्लेख गरीएको छ । यसर्थ राज्यले देहाय बमोजिमको कार्य गर्न पर्ने हुन्छ ।

(क) वातावरण स्वच्छ राख्ने व्यवस्था गर्ने,

(ख) वातावरण स्वच्छताको लागि चेतना जगाउने र बढाउने,

(ग) आर्थिक विकास गर्दा वातावरणमा प्रतिकूल असर पर्न नदिने,

(घ) वातावरण र वन्यजन्तुको संरक्षण गर्ने,

(ङ) वन, वनस्पति तथा जैविक विविधताको संरक्षण गर्ने, दीगो उपयोग गर्ने ।

---

[2]. नेपालको अन्तरिम संविधान २०६३ को धारा २६

[3]. नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ (२)

[4]. नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५(५), धारा १६ (१)

(च) वन, वनस्पति र जैविक विविधताको उपयोग र त्यसबाट प्राप्त लाभलाई जनताको विचमा सामन्यायीक बाँडफाँड गर्ने समेतका दायित्व राज्यले लिनु पर्छ यसको अर्थ राज्यले नै प्राकृतिक स्रोतको जिम्मा लिनु पर्छ जसले गर्दा यस्तो स्रोत भावी सन्तानले पनि देख्न र उपभोग गर्न पाउछन । [5]

## प्राकृतिक स्रोतको उत्खनन्को अवस्था

मानव जातिको विचमा रहेको प्राकृतिक स्रोत प्रकृतिले हामी मानवलाई प्रयोगकै लागि दिएको हो । त्यसकारण राष्ट्र निर्माण र आर्थिक विकासमा प्राकृतिक स्रोतको प्रयोग नगर्नु भन्न मिल्दैन तर प्राकृतिक स्रोत उत्खनन् गर्दा वरपरका अन्य क्षेत्र, बस्ती सडक, पानीको मुहान, वन, वन्यजन्तु, प्राचीन स्मारक आदिलाई प्रतिकूल असर पर्न दिन हुदैन त्यसको रोक थाम राज्यले नै गर्नु पर्छ । खानी सञ्चालन गर्दा खोलाको ढुङ्गा, रोडा आदि संकलन गर्ने गरी क्रसर उद्योगहरु क्षयमता भन्दा वढी स्थापनाको कारणले बाटो बिगानु साथै भू क्षयको वृद्धिदर बढेको छ तथा चुरे क्षेत्रमा अत्याधिकरुपमा वन विनास हुन गएको छ यसको एक मात्र कारण अवैध रुपमा त्यस्ता खानी तथा क्रसर उद्योगहरु संञ्चालन आउनु हो त्यस्तो खानी सञ्चालन अनुमति दिने निकायबाट कुनै नियन्त्रण तथा नियमित अनुगमन गर्ने गरेको पाइदैन गरे कै भए पनि त्यो औपचारिकतामा मात्र सिमित छ । जिल्ला विकास समितिहरुले अनुमति दिई खानीहरुको नियमन तथा अनुगमन गरी राजश्व संकलन गर्ने गरेको पाइन्छ तर सो को नियन्त्रण तथा अनुगमन प्रभावकारी रुपमा कार्यान्वयन नभएको हुँदा प्राकृतिक स्रोतको उत्खनन्को कारण त्यस वाट उत्पन्न हुने समस्या थप जटिल बन्न पुगेको हामी पाउछौ ।

प्राकृतिक स्रोतको उत्तखनन्लाई थप अध्ययन गरी हेर्दा प्रत्येक जिल्ला विकास समितिहरुबाट प्रायः जसो खानीहरु ठेक्कामा दिइने गरेको तर माइनिङ क्षेत्र कति हो त्यस भन्दा वढि प्रयोग गरेमा त्यसको अनुगमन गर्ने गरेको छ छैन आदी कुनै लेखाजोखा नै छैन त्यसो नगरेको कारणले गर्दा त्यस उधोग क्षेत्रका वरीपरीका जनताहरु स्वच्छ वातावरण पाउनवाट वन्चित भएका छन् । साथै ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् एवं निकासीसँग सम्बन्धित ऐन तथा नियमहरु एक आपसमा बाझिएकोले त्यसको कार्य क्षेत्र र अधिकारमा समेत समस्या रहेको पाईन्छ ।

[5]. नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५(५)

यसै सन्धर्भमा नेपाल भारत बीच मिति २०६६ कार्तिक १० गते सम्पन्न भएको वाणिज्य सन्धिले नेपाल भारतबीच हुने द्विपक्षीय व्यापारका लागि प्राथमिक वस्तुको  सुचीमा सूचीकृत वस्तुलाई भारतीय पक्षले भन्सार शुल्क लिन नपाउने व्यवस्था सम्झौताले गरेको छ । यो व्यापारीक सम्झौता अनुसार नेपालवाट विदेश जाने ढुङ्गा, गिट्टी, वालुवाजन्य वस्तु प्राथमिक सूचीमा पर्ने भएको कारणले गैर कानूनी रुपमा धमाधम् उत्खनन् भै ढुङ्गा, गिट्टी, बालुवाको अनधिकृतरुपमा निकासी र ओसार पसार भै रहेको छ ।

जिल्ला विकास समिति वा अन्य निकायले ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् र संकलनका लागि अनुमति दिंदा पिंधको सतह माथि उठ्ने नदीका पहिचान गरी सुरक्षित क्षेत्रमा मात्र संकलन/उत्खनन् गर्न सकिने परिमाण किटान गरिनु उपयुक्त देखिन्छ तर त्यसको पालना हुन जरुरी रहेको छ । नदीको पानी बग्ने क्षेत्र बाट मात्र संकलन तथा उत्खनन् गरिनु पर्दछ । यस क्रममा नदीका basic parameters हरु निर्धारण गरिनुपर्ने हुन्छ । त्यसको लागी waterway, gradient, minimum bed level आदिको व्यवस्था उत्खनन् गर्नेले गर्नु पर्छ र त्यसको नियमित प्राविधिकवाट अनुगमन राज्यले गरिनु पर्छ भन्ने व्यवस्था निति र कानूनमा भए पनि लेखक स्वयम मिति २०७६।३।१६ गते खानी उधोग सञ्चालन रहेको स्थान धादिङ त्रिशुली वरपर खुला आँखाले हेर्दा कानून अनुरुपको कार्य भएको र त्यसको सम्वधित निकायवाट अनुगमन भएको पाइएन । त्यसले अवका दिन सम्म वाँकी भएका प्राकृतिक स्रोतलाई वचाँउन प्रत्येक सरकार र सरकारका अन्य निकाय साथै मानव जाति स्वयमको कर्तव्य हुन जान्छ ।

जिल्लामा उक्त  रोडा ढुङ्गा, गिट्टी उद्योग र क्रसर संचालन गरेको कतिपय उद्योगहरु विना दर्ता संचालन गरेको, कतिपय उद्योगले वातावरण संरक्षण ऐन २०५३, वातावरण नियमावली २०५४ अनुसार वातावरणीय प्रतिकूल प्रभाव मुल्याडकन गर्ने सम्बन्धी नियम अनुसार IEE &EIA  नै नगरी संञ्चालन गरिएको र वातावरण संरक्षणमा गर्नु पर्ने र उद्योग संचालन गर्दा वातावरण प्रदुषण नहुने प्रतिवेदनको आधारमा उद्योग स्थापना र संञ्चालनको स्वीकृति नै दिन नहुने र यदि EIA & IEE गर्दा वातावरण प्रदुषण नहुने प्रतिवेदनको आधारमा मात्र उद्योग स्थापना र संञ्चालनको स्वीकृति दिए पनि उद्योग संचालनमा आएपछि उद्योगले वातावरण, ध्वनी, वायुमण्डल, पानीको मुहान, पानीको सतह, वरपरका बस्ती, वनजंगल,  वन्यजन्तु आदिमा प्रदुषण गर्‍यो गरेन मोनिटर गर्ने सम्वधित निकायको कानूनी र संवैधानिक कर्तव्य भएकोमा नेपाल सरकार स्वयमले र अन्य निकायलहरुले समेत आफनो कानूनी दायित्व निर्भा गरको छैन ।[6]

---

६. प्राकृतिक स्रोत साधन समितिको प्रतिवेदन २०६६

प्राकृतिक स्रोत प्रति सरकार अनुत्तरदायी र अदुरदर्शिताको कारण स्वायत्त निकायहरुले वातावरणमा हुने प्रभाव नहेरी इजाजत दिएको र केही उधोगहरुले इजाजत नै नलिई गैरकानूनीरुपमा उत्खनन् गरेको त्यसलाई सम्वधित निकायले वन्द तथा अनुगमन गर्नु पर्नेमा उदाशिनता देखाएको कारण आज प्राकृतिक स्रोतको गैर कानूनी रुपमा उत्खनन् र निकासी भै रहेको छ । प्राकृतिक स्रोत देशको आर्थिक विकासमा प्रयोग हुने वस्तु हो तर त्यसको प्रयोग दिगो र  वातावरण प्रदुषण रहित तरिकाले गरिनु पर्छ ।

प्राकृतिक स्रोत लाई sustainable development को आधारमा प्रयोग गर्नुको लागी तपशिलका २ सिद्धाँन्तलाई ध्यान दिनु पर्छ ।[7]

(क) pre-cautionary principle र

(ख) polluter pay principle

Pre-cautionary principle  अनुसार प्रत्येक राष्ट्रले वातावरण प्रदुषण हुने कारकतत्व पहिचान गरी वातावरणलाई बढी क्षति हुन नदिन समस्या पहिचान हुनासाथ रोकथामको कदम चाल्नु पर्छ । यदि वातावरणको अपुरणीय क्षति हुने कारण देखिएमा वा त्यस्तो कारण पत्ता लागेमा त्यसको वैज्ञानिक विश्लेषणतिर नपर्खी अब अरु बढी वातावरण क्षति हुन नदिन तुरुन्त रोकथाम तर्फ लाग्नु पर्छ । यस्तो अवस्थामा जसको कारण वातवरणमा प्रदुषण भयो भनिएको छ , त्यसको कारण वातावरण प्रदुषण भएको छैन भन्ने व्यक्ति, संस्था आफैले प्रमाण पुऱ्याउनुपर्ने हुन्छ । यसरी नै Polluter pay principle को सिद्धान्त अनुसार जसले प्रदुषण गर्दछ उसैले प्रदुषणवाट हुन गएको क्षतिपुर्ति व्यहोर गर्नु पर्छ भन्ने यो सिद्धान्त आजको दिन सम्म पनि विश्व व्यापीरुपमा प्रचलनमा रहेको छ ।  यसै सन्दर्भमा ढुङ्गा, रोडा, गिट्टी उद्योग संचालन गर्दा खोला र पानीको मुहान पनि ढुङ्गा, रोडा, आदिको धूलोले प्रदुषण गर्ने कार्य कानून विपरित हो ।  नेपालको संविधानले प्रत्येक व्यक्तिलाई स्वच्छ र प्रदुषणमुक्त वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको हुँदा उद्योग संचालन गर्दा अरुको मौलिक हक हनन् नहुने गरी मात्र उद्योग संचालन गर्न पाईन्छ ।[8] यसर्थ प्राकृतिक स्रोतको खोजतलास, उत्खनन् उत्पादन बिक्री वितरण आदी गर्न कसैलाई इजाजत अनुमति दिनु अगाडी कानूनले राज्यलाई केही कर्तव्य तोकेको छ । त्यो कार्य राज्यबाट पूरा हुन पर्दछ । नेपाल

[7]. Brundtland Report 1978

[8]. नेपालको अन्तरिम संविधान २०६३ को धारा १६

राज्यमा रहेका खनिज पदार्थको स्वामित्व नेपाल सरकारमा रहने कानूनी व्यवस्था छ । ढुङ्गा, गिट्टी, बालुवा सबै प्राकृतिक स्रोतहरु देशको आर्थिक विकासको काममा प्रयोग गर्दा वातावरणलाई प्रतिकूल प्रभाव नपार्ने हदसम्म मात्र राज्यले प्रयोग गर्नु पर्छ ।[9] प्राकृतिक स्रोतको उत्खनन र प्रयोग गर्दा आर्थिक लाभको दृष्टिले मात्र हेर्ने नभई त्यस्ता प्राकृतिक स्रोतलाई प्रयोग गर्दा वातावरणमा कत्ति पनि प्रतिकूल असर नपार्ने गरी उत्खनन र प्रयोग गर्नु पर्दछ तर वास्तविक रुपमा यसरी उत्खनन् र प्रयोग गरेको हामी पाउदैनौ जसले गर्दा दिनानु दिन प्राकृतिक स्रोतको गैर कानूनी उत्खनन् हुनको साथै वातावरणको विनास भै रहेको छ । यसलाई समयमा नै उचित व्यवस्था नगर्ने हो भनि भविष्यमा विकराल रुप पनि लिन सक्ने अवस्था हुन सक्छ ।

प्राकृतिक स्रोतको खोजतलास, उत्खनन र प्रयोगमा ल्याउँदा वातावरण, वनजंगल, पानीको श्रोत वन्यजन्तु, भुक्षय, वन विनास, वायुमण्डल, वातावरण, सडक, पुल, बस्ती, खोला नाला आदीमा प्रतिकूल प्रभाव पार्न नदिनको लागि इजाजत दिनु अगाडि वातावरणीय प्रभाव अध्ययन गरेर मात्र इजाजत दिने कानुनी व्यवस्था भएको देखिन्छ । वातावरणमा कुनै प्रकारको प्रतिकूल असर नपर्ने देखिएमा मात्र र क्षमता हेरी उद्योग संचालनको अनुमति दिने कानुनी व्यवस्था भएकोमा [10] उल्लेखित क्षेत्रमा भएको अध्ययनको विभिन्न प्रतिवेदनबाट राज्यले कानुनी व्यवस्था पालना नगरी उद्योग संचालन गर्न दिएको र क्रसर उदोगहरुले व्यापक प्रदुषण गर्ने गरी संचालन भई रहने मात्र होइन सडकको क्षमता भन्दा बढी Over loaded गाडीले सार्वजनिक सडक र पुललाई समेत क्षति पुऱ्याएको छ । [11]

क्रसर उद्योगहरु तथा कच्चा पदार्थ उत्खनन् तथा संकलन गर्दा निरीक्षण गर्ने निकाय तोकी निरिक्षणलाई प्रभावकारी गराइनु पर्ने । त्यस्ता उद्योगहरुले खानी सम्बन्धी विशेषज्ञ वा कन्सल्टेन्ट नियुक्त गरी तिनीहरुको निर्देशन अनुसार मात्र गर्ने गरी त्यस्ता उद्योगहरु संचालनमा ल्याएनु पर्नेमा सो गरीको छैन .[12] खानी तथा भुगर्भ विभाग र स्थानीय निकायले ढुङ्गा, बालुवा आदि खानी संचालन गर्दा खानी तथा खनीज पदार्थ ऐन, २०४२ तथा ऐ. नियमावली, २०५६ बमोजिम उत्खनन अनुमति जारी नगरी भुगर्भ विभागसँग समन्वय

[9] . खानी तथा खनीज पदार्थ सम्बन्धी ऐन, २०४२ को दफा ३

[10] . प्रचलित कानून हेर्दा भू-तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ४, दफा १०, जलस्रोत ऐन, २०४९को दफा १७, दफा १९, दफा २० बन ऐन,२०४९ को ४९, दफा ६८, दफा ७० र वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली २०५४

[11] . प्राकृतिक स्रोत साधन समितिको प्रतिवेदन २०६६

[12] . ऐ. ऐ.

समेत नगरी स्थानीय निकायबाट नै प्रत्येक वर्ष नदी नाला खोला, खोल्सीका ढुङ्गा, बालुवा उत्खनन् तथा संकलन गर्न ठेक्का लगाउने गरेको छ भन्ने व्यहोरा दसाई खानी विभाग वातारणको हुने जोखिमवाट पन्छिन हुदैन ।[13] यसरी प्राकुतिक स्रोतको उत्खननको अवस्था हेर्दा कार्यन्वयन गर्ने पक्ष र अनुमति दिने निकायहरु नै एक आपसमा अन्योल रहेको अवस्था देखिन्छ त्यसलाई निराकरन गर्न कानूनमा नै प्रष्ट पारी अधि वढनु नै वातावरण रक्षाको एक महत्वपुर्ण समाधान हो ।

यसरी खानी सम्वन्धी उद्योग स्थापना गर्न चाहने प्रस्तावकले स्थानीय जनता र निकायहरुसँग सोधी उनीहरुले उद्योग स्थापना गर्न हुन्छ भनेको व्यक्तिगत रायका आधारमा वातावरणीय प्रभाव मूल्याङ्कन पारित हुने र त्यही आधारमा सरकारले इजाजत दिने गरि आएकोमा उक्त प्रक्रिया कानून संग भएन अबका दिन देखी एक वातावरण विज्ञको एक समिति गठन गर्ने र सो समितिको निर्देशनमा मात्र खानी सँञ्चालनलाई सम्वधित निकायवाट उत्खननको अनुमति दिनु भन्ने सर्वोच्च अदालतको आदेश जारी भएको छ ।[14] अर्को तर्फ सर्वोच्च अदालतको फैसलाले वातावरणीय प्रदुषणको परिभाषा गदै ध्वनी प्रदुषण, वायुमण्डलमा धुलो र धुँवाको प्रदुषण, पानीको मुहानहरुमा मानवीय कार्यले गर्दा प्रदुषण भु-क्षयको तथा वन विनास, वन क्षेत्रमा धूलो, धूँवा र आवाजको प्रवेशले वन जंगलमा भएको शान्तिको खलबली चराचुरुङ्गी र जनावरमा पर्ने क्षति समेतलाई उल्लेख गरीएको छ । यसै तथ्यलाई आधार वनाई अबका आउदाँ दिनमा वातावरण सम्बन्धी कानुनमा विशेषज्ञको राय अनुसार सुधार गर्नुपर्छ ।[15] यसको मुल कारण स्वच्छ र प्रदुषणमुक्त वातावरण प्रत्येक नागरिकको मौलिक हक [16] भएकोले त्यस्तो हक उल्लघनको रोकथामको व्यवस्था नगर्ने हो भने नागरिकहरुको वातावरण स्वच्छता मौलिक हक हनन् हुन्छ ।

## ढुङ्गा, रोडाको उत्खनन्ले वातावरणमा पुऱ्याएको असर

[13] . निवेदक नारायण प्रशाद देवकोटा विरुद्ध नेपाल सरकार समेत, फैसला मिति २०७६।४।२१ गते स.अ ( न.का.प.२०६७को अक १२ पुष्ट २०२६)

[14] . निवेदक नारायण प्रशाद देवकोटा विरुद्ध नेपाल सरकार समेत, फैसला मिति २०७६।४।२१ गते स.अ ( ने.का.प. २०६७ अक १२ पृष्ट २०५३)

[15] . ऐ. ऐ.

[16] . नेपालको अन्तरिम संविधान २०६३ को धारा १६

ढुङ्गा, रोडाको संकलन, उत्खनन् र क्रसर उद्योगको संचालनबाट वातावरणीय सन्तुलन बिग्रिएको छ यो सवैको लागी चाँसोको विषय पनि वनेको छ । ढुङ्गा, रोडाको संकलन, उत्खनन् र क्रसर उद्योगको संचालनबाट निम्न क्षेत्रमाा वातावरणीय असर पारेको छ ।

१. भू-क्षय अत्यधिक वृद्धि भएको

२. खोलानालाको आकार बढ्न गई बाढी आउने र कटान हुने समस्या रहेको

३. खेती योग्य जमीन नासिने र पहिरो जाने क्रम बढेको

४. पानीको मुहान सुकेको

५. राजमार्गको पुलहरुको मुनि बालुवा भरिँदै गएकोले पुलहरु खतरामा परिरहेको

६. वाटो सडकहरु समय भन्दा आगाडि भत्कीएको

७. मानव स्वाथ्यमा र जिवजन्तुमा प्रत्यक्ष असर पारेको आदी

यस्ता खालाका समस्याहरु प्रत्यक्षरुपमा देखा परेकोले त्यसको समाधान सरकारको तर्फ वाट र राज्यका अन्य सम्वधित निकाय वाट रोकथामको लागी पहल गर्नु पुर्व प्रदुषणमुक्त स्वच्छ वातावरणमा बाँच्न पाउने [17] अधिकार लाई आत्मासाथ गरी public trust doctrine अर्न्तगत नेपालको प्राकृतिक स्रोतमा नेपाल सरकारले संरक्षकको भुमिमा निर्भा गर्नु पर्छ । नेपालमा भएको प्राकृतिक स्रोतलाई कुनै कानुनी आधार बेगर राजश्व बुझाएको भरमा मात्र वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी कार्य अनुमति दिई खानी संन्चालन गर्न दिन हुँदैन । खानी संन्चालन गर्न दिदाँ प्राकृतिक स्रोतको विकास र प्रयोगमा सतर्कता अपनाउन पर्छ । प्रकृतिले प्राकृतिक स्रोत सिमित परिमाणमा दिएको हुन्छ र क्षमता भन्दा बढी प्रयोगमा ल्याउँदा वातावरणलाई नकरात्मक र प्रतिकुल असर पर्न जान्छ ।

## वातावरणको सवालमा केही अन्राष्ट्रिय अभिसन्धिको चित्रण

[17]. नेपालको अन्तरिम संविधान २०६३ को धारा १६

विश्वका राष्ट सरकारहरु र मानव जातीहरु समेत वातावरणको विषयमा सचेत भएको लामो समय भएको छैन । वातावरणको विकासको संक्षिप्त अध्ययन गर्दा सन् १९७२ को जुन महिनामा स्वेडेनको स्टकहोममा Dclaration of the United Nations conference on the Humat Environment नाम दिएको वातावरण क्षेत्रको पहिलो सम्मेलन सम्पन्न भयो, जस्मा २६ वटा सिद्धान्त रहेको छ ति सिद्धान्तहरु वन्धनकारी नभई स्वाच्छकारी किसिमको थियो तर पनि यो नै वातावरणको क्षेत्रमा पहिलो विश्व व्यापी रुपमा सम्मेलन हुन पुग्यो र सम्मेलनवाट पारित भएको सिद्धान्दहरु प्रत्येक देश को कानूनमा लागु गदै आज सम्म आईपुग्दा वातावरणको संरक्षणको सवाल विश्वको चाँसोको विषय वनेको छ । यो यसै सम्मेलनको देन हो र उक्त conference पछि भएको Rio dicalaration on 1992, सम्मेलन भयो जस्मा २७ वटा सिद्धान्तहरुको कायम भएको थियो । यो २० वर्ष पछि भएको Follow-up action बाट विश्वमा वातावरणको महत्व र वातावरणलाई विगार्न, मास्न नहुने भनी प्रत्येक राष्ट्र र जनतालाई सचेत बनायो । यसरी हजारौं वर्षसम्म मानव समाजले वातावरणको महत्व बुझेन । मानव सभ्यता र जीवनको survival को वातावरण ecological system लाई exploit गर्दै विश्व अगाडि बढ्यो । समय बित्दै जाँदा जनसंख्याको वृद्धिको कारण जमीनको माग बढ्यो । जमीनको माग बढेको कारण खाली जग्गाले मात्र मानिसको इच्छा आकाडक्षा पूरा गर्न नसकेकोले मानिसले बिस्तारै बिस्तारै वन जंगलसमेत अतिक्रमण गरी बस्ती बसाल्यो । जसले गर्दा वन विनास भै उजाड हुन थाल्यो । यही कुरालाई मध्य नजर राखी अब भने मानव सभ्यतालाई वनजंगल, खोला नाला, हिमालय श्रृखला जस्ता प्राकृतिक वरदानलाई सरक्षण गर्नु पर्ने रहेछ भन्ने महसुस भै आज वातावरण प्रदुषण सम्बन्धी विभिन्न क्षेत्री र अर्न्तराष्ट्रिय अभिसन्धी, महासन्धिहरु बनेका छन् । यस कार्यमा नेपाल समेत सहभागी भै विभिन्न सम्मेलनमा भाग लिई सहमति जनाई आएको छ ।

विश्वमा औद्योगिकीकरण बृद्धि, अव्यवशथित शहरीकरण, जनसंख्या वृद्धि, प्राकृतिक स्रोतको क्षमता भन्दा बढी उत्खनन् एवं प्रयोग आदि कारणले वातावरण प्रदुषणको चरम अवस्था भएकोले संयुक्त राष्ट्रसंघको Rio declaration 1992, Stockholm Conference 1972 समेतले वातावरणको संरक्षणको बारेमा विश्वलाई एक ठाऊँमा ल्याउनुको साथै वातावरणको क्षेत्रमा चाँसो राख्न वाध्य वनायो । वातावरण संरक्षणमा अर्न्तराष्ट्रिय कानुनको विकास हेर्दा विगतमा कुनै एक ताका आर्थिक विकास र वातावरण फरक फरक विषय माानिने गथ्र्यो तर आज यो पुरक विषय वनेको छ, विकास कार्य गर्नु पर्छ तर वातावरणको समुचित सुरक्षा गदै विकासलाई अघि वढाउनु नै महत्व पुर्ण विषय हुने यर्थात सावित भएको छ । यसैले वातावरण

संरक्षणको सम्बन्धमा आजको विश्वको नारा आर्थिक विकास र वातावरण रहेको छ । आर्थिक विकास गर्नु आजको अपहार्यता हो भनि वातावरण संरक्षण पनि महत्वपुर्ण विषय भएकोले आर्थिक विकासको साथै वातावरणलाई पनि सन्तुलन गरी लानु आजको विश्वको दायित्व रहेको छ यसैलाई मध्यनजर राखी प्रेत्यक राष्ट्र्ले वातावरण संरक्षण सहतका विकास निति ल्याउनु आजको आवश्यकता हो ।

मानव अधिकार र वातावरणको सम्बन्धमा 'man has the fundamental right to freedom equality and adequate conditions of life in an environment of a quality that permits a life of dignity and well being and he bears solemn responsibility to protect  and he bears solemn  responsibility to protect and improve the environment for present an future generations' भनेको देखिन्छ [18]. "The right to development must be fulfilled in the so as to equitably meet developmental and environmental needs of present and future generations' भनेको देखिन्छ । [19] 'The environmental and natural resourdes of people under opprwssion, domination, and occupation shall be protected ' भनेको देखिन्छ .[20]

वतावरणीय समस्याको सम्बन्धमा उक्त सम्मेलनहरु अन्तर्राष्ट्रिय स्तरमा पथप्रदर्शकहरुको रुपमा स्थापना भएको छ । यसरी समय समयमा भएको सम्मेलनको घोषणपत्रले वातावरणीय समस्यालाई एकल्याएर हेर्ने नभई समग्र नागरिकले संगठित भएर समाधान गर्नु पर्ने अवस्था विध्यामान भएको छ त्यसको सन्धर्भमा Polluter Pay Principle लाई प्रभावकारी कार्यान्वन र आवश्यक कानुन निर्माणमा जोड दिनु आज प्रत्येक देशको सरकारको काम हो । केवल एक देशमात्र वातावरणको क्षेत्रमा काम गरेर वातावरणको सरक्षण हुने अवस्था नभएकोले विश्वव्यापीरुपमा नै यसको पहुच पुप्याउनु पर्छ ।

संयुक्त राष्ट्र संघको अग्रसरतामा नर्वेका तत्कालिन प्रधानमन्त्री Harlterm Brundtland द्वारा अध्यक्षता गरिएको विश्व वातावरण सम्बन्धी  सम्मेलन World Commission on Environment जसलाई Brundtland report, 1978 भनिन्छ यसको प्रतिवेदनले औद्योगिकरण विकासको कारण विश्वको

---

[18] . Stockhollm Declaration,1972

[19] . Rio Declarations on Environmental and Development 1992, principle 3

[20] . pid, precniple 23

वातावरण नै विग्रेको सम्बन्धमा विश्वका सबै राष्ट्रहरुको ध्यानाकर्षण गराएको छ । यसै परिपेक्षयमा नेपालमा रहेको प्राकृतिक स्रोतको उल्तखनन् गर्दा वातावरणलाई प्रभाव नपर्ने गरी मात्र गर्नु पर्छ र त्यसको प्रयोग एक व्यक्तिको नाफाको लागी नभई राज्यले संरक्षण गरी सामुहिक हितमा मात्र प्रयोग गरी त्यसको समुचित विकासको काममा लगाउनु महत्वपुर्ण राज्यको दायित्व हो । यसैलाई मध्यनजर राखी विश्वमा भएको ठुला साना सम्मेलन र अभिसन्धिहरुले पारित गरेको सिद्धान्त सवै मुलकले आत्मासाथ गरी त्यसको कार्यनव्यन पक्षलाई अति वलियो वनायो भनि मात्र वातावरणको संरक्षण हुने छ अन्यथा कागजमा लेखिएको भरमा वातारवरणको सुधार हुने छैन ।

## निर्ष्कष

प्राकृतिक स्रोत प्रकृतिले मानव जालीलाई दिएको वरदान भएकोले यसको प्रयोग व्यक्ति विशेषको लागी नगरी सामुहिक प्रयोग लागी गरिनु पर्छ । प्राकृतिक स्रोतको प्रयोग नेपालमा गैरकानूनी रुपमा भैरहेकोले यसलाई व्यवस्थित रुपमा गर्नको लागी सरकारको स्थानिय निकायहरु कानून पालना गराउन तप्पर रहनु पर्छ । प्राकृतिक स्रोतको अनियमिति उत्खनन्ले वातावरणमा परेको प्रभावको मुल्याङक गरी सहि समाधानको लागी राज्यले तत्काल नयाँ निती तयार पारी लागु गर्नु पर्छ यदि त्यसो नगर्ने हो भनि देश भित्रको प्राकृतिक स्रोत कौडीको भाउमा निकासी हुन्छ साथै यसवाट परेको असरले मानव जाती र वन्यजन्तुमा पर्ने क्षेतिको डरलाग्दो अवस्था आउन सक्छ । त्यसैले IEE र EIA लाई अनिवार्य कार्यान्वयनमा ल्याउने र नियमित अनुगमन गर्ने र गैर कानूनी उत्खनन् लाई कार्यवाहीको दायार भित्र तत्काल ल्याउनु पर्छ ।

**समाप्त**